**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १३ मार्च २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. केन्द्रीय सूचना तथा प्रसारण मन्त्री अनुराग सिंह ठाकुरले आज नयाँ दिल्लीमा आकाशवाणी समाचार र दुर्दर्शन न्यूजको रि डिजायन गरिएको नयाँ वेबसाइटको लोकार्पण गर्नुभएको छ ।

२. भारत र मौरिससले वित्तीय सेवा, नागरिक सेवा, कर र अनुसन्धान एजेन्सी लगायत क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने निर्णय लिएका छन् ।

३. रक्षामन्त्री राजनाथ सिंहले नेशनल क्याडेट कोर (एनसीसी) को विस्तारका लागि तीन लाख रिक्त पदहरूको प्रस्तावलाई अनुमोदन गर्नुभएको छ ।

४. केन्द्रीय कोइला मन्त्री प्रह्लाद जोशीले आज नयाँ दिल्लीमा कोइला क्षेत्रको लागि प्रधानमन्त्री गति शक्ति राष्ट्रिय मास्टर प्लान जारी गर्नुभएको छ ।

**अनुराग सिंह ठाकुर**

केन्द्रीय सूचना तथा प्रसारण मन्त्री अनुराग सिंह ठाकुरले आज नयाँ दिल्लीमा आकाशवाणी समाचार र दुर्दर्शन न्यूजको रि डिजायन गरिएको नयाँ वेबसाइटको लोकार्पण गर्नुभयो । श्री ठाकुरले संशोधित न्यूज ऑन एआईआर ऐप पनि जारी गर्नुभएको छ। उहाले प्रसार भारती प्रसारणको लागि एक साझा अडियो भिजुअल शब्द पनि जारी गर्नुभएको छ l यस अवसरमा श्री ठाकुरले , लोक प्रसारक को रुपमा दुर्दर्शन र आकाशवाणीले बर्सौ देखि सेवा प्रदान गर्दै आई रहेको बताउनुभएको छ l उहाले भन्नुभएको छ – आफ्नो नेटवर्कको माध्यमबाट लोक प्रसारकहरुले देशको कुनाकुनामा स्थानीय भाषालाई प्रोसाहित गर्दै सम्पूर्ण मानिसहरु समक्ष पुर्याउन सक्षम बनेका छन् l श्री ठाकुरले प्रसार भारती अब समाचार संगठनहरुलाई बिभिन्न भाषाहरुमा भिडियो, अडियो, फोटो र पठन सामाग्रीहरु उपलब्ध गर्न तयार रहेको बताउनु हुदै यसलाई क्रान्तिकारी कदमको संज्ञा दिनुभएको छ l उहाले कोविड महामारीको समयमा पनि यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु हुदै न्युज अन एआईआर एप सरकारी योजनाहरुको बारेमा समाचार र जानकारी प्राप्त गर्न को लागी एक सशक्त मध्यम भएको बताउनुभएको छ l

****** ० ******

**भारत मरिसस**

भारत र मौरिससले वित्तीय सेवा, नागरिक सेवा, कर र अनुसन्धान एजेन्सी लगायत क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने निर्णय लिएका छन् । भारत र मौरिससबीच मौरिससको राष्ट्रिय सभामा आज प्रतिनिधिमण्डलस्तरीय वार्ता भएको छ। राष्ट्रपति द्रौपदी मुर्मू र मौरिससका प्रधानमन्त्री प्रविन्दकुमार जगन्नाथको उपस्थितिमा बैठक सम्पन्न भएको छ । बैठकको क्रममा राष्ट्रपति द्रौपदी मुर्मू र मौरिससका प्रधानमन्त्री प्रविन्द कुमार जगन्नाथले संयुक्त रुपमा १४ वटा साना विकसित भारतको सहयोगमा सञ्चालित परियोजनाहरुको ई–उद्घाटन गर्नुभएको छ । यसअघि राष्ट्रपति द्रौपदी मुर्मूले आफ्नो औपचारिक भ्रमणको तेस्रो तथा अन्तिम दिन आपरावासी घाट र अन्तरमहादेशीय दासत्व सङ्ग्रहालयको भ्रमण गर्नुभयो । मौरिससको इतिहासमा घाटको महत्वपूर्ण विशेषता रहेको हाम्रो संवाददाताले जानकारी दिनुभएको छ l

****** ० ******

**राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले नेशनल क्याडेट कोर (एनसीसी) को विस्तारका लागि तीन लाख रिक्त पदहरूको प्रस्तावलाई अनुमोदन गर्नुभएको छ । बढ्दो मागलाई पूरा गर्न एनसीसीले देशभरिका शैक्षिक संस्थाहरुबाट क्याडेटहरू समावेश गर्ने अपेक्षा गरिएको छ। यस विस्तार योजनामा चार वटा नयाँ समुह मुख्यालय र दुई नयाँ एनसीसी इकाइहरु स्थापना पनि समावेश गरिएको छ

। विस्तार योजनामा एनसीसी प्रशिक्षकका रुपमा भूतपूर्व सैनिकहरुलाई नियुक्त गर्ने प्रस्ताव समावेश गरिएको मन्त्रालयले जनाएको छ ।

****** ० ******

**पी.एम भूटान**

भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे भोलि देखि पाँच दिवशीय भारत भ्रमणमा आउनुहुनेछ । यस बर्षको जनवरीमा पदभार ग्रहण गरेपछि उहाको यो पहिलो विदेश भ्रमण हो। भ्रमणको क्रममा भुटानका प्रधानमन्त्रीले राष्ट्रपति द्रौपदी मुर्मूसँग शिष्टाचार भेट गर्नुका साथै प्रधानमन्त्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्ने कार्यक्रम रहेको विदेश मन्त्रालयले जनाएको छ। प्रधानमन्त्री छिरिङ तोब्गेले मुम्बईको पनि भ्रमण गर्नुहुनेछ।

****** ० ******

**रक्षा समिति**

भारत-इटली संयुक्त रक्षा समितिको दशौ बैठक आज नया दिल्लीमा सम्पन्न भयो। भेटमा दुवै पक्षले रक्षा औद्योगिक र सैन्य सहयोगका विविध विषयमा चर्चा गरेका थिए। बैठक अवधि उनीहरुले इन्डो–प्यासिफिक र सुरक्षा अवस्थाका बारेमा पनि विचार आदानप्रदान गरे ।

****** ० ******

**केन्द्रिय कोइला मंत्री**

केन्द्रीय कोइला मन्त्री प्रह्लाद जोशीले आज नयाँ दिल्लीमा कोइला क्षेत्रको लागि प्रधानमन्त्री गति शक्ति राष्ट्रिय मास्टर प्लान जारी गर्नुभएको छ । यस योजनाको उद्देश्य पीएम गति शक्तिको केन्द्रीकृत पोर्टलमार्फत कोइला क्षेत्रमा गहन जानकारी प्रदान गर्नु हो। यस अवसरमा बोल्दै श्री जोशीले यो पहल पूर्वाधार परियोजनाहरूको योजना र कार्यान्वयनको दृष्टिकोणमा महत्वपूर्ण परिवर्तन भएको बताउनुभएको छ। उहाले यो पहल 'आत्मनिर्भर भारत' को परिकल्पना अनुरूप रहेको बताउनुभएको छ।

****** ० ******

**एक्सीडेन्ट**

ट्रेनको चपेटमा परेर एक व्यक्तिको मृत्यु भएको छ। घटना बुधवार बागडोगराको सिंगीझोरा चिया बगान संलग्न रेलवे लाइन क्षेत्रमा घटेको हो। मृतकको पहिचान सिंगीझोरा चिया बगान निवासी सुनिल उराँवको रूपमा गरिएको छ। सूत्र अनुसार रेलवे लाइन पार गर्ने क्रममा डाउन राधिकापुर एक्सप्रेसको चपेटमा परेर सुनिलको मृत्यु भएको हो। घटनाको जानकारी प्राप्त गर्नसाथ बागडोगरा थाना र रेलवे पुलिस घटनास्थलमा पुगेर शवलाई उद्धार गरी पोस्टमर्टम गर्नको लागि उत्तर बंगाल मेडिकल कलेज एवं अस्पतालमा पठाइएको छ। पुलिस घटनाको जाँचमा जुटेको छ।

****** ० ******

**पक्राउ**

दक्षिण दिनाजपुर जिल्लाको भारत-बंगलादेश सीमामा तैनाथ उत्तर बंगाल फ्रण्टियरको सीमा सुरक्षा बल (बीएसएफ)- का जवानहरूले दुईजना तस्करहरूलाई तस्करीका सामग्रीहरूसितै पक्राउ गरेको छ। बीएसएफले एक प्रेस विज्ञप्ती जारी गरी उक्त आशयको जानकारी दिएको छ।
बीएसएफ अनुसार जिल्लाको रायगंज सेक्टर अन्तर्गत 91औं बटालियन बीएसएफको बोर्डर आउट पोस्ट हमजापुरका सर्तक सीमा प्रहरीहरूले एक भारतीय तस्करलाई पक्राउ गरेको छ। पक्रा परेका दुवै भारतीय नागरिकहरूलाई जफत गरिएको सामान सहित गंगारामपुर थानामा सुम्पिइएको छ।

****** ० ******

**आगलागी**

पश्चिम मेदिनीपुर जिल्लाको दासपुरको रसिकगञ्जमा रहेको अगरबत्ती कारखानामा भीषण आगलागी भएको छ ।सुत्र अनुसार हिज राति लगभग २ बजे कारखानामा आगलागी भएको थियो। आज बिहान ८ बजे आगो नियन्त्रणमा ल्याउन सकिएता पनि आगलागीको कारण खुल्न सकेको छैन। आगलागीबाट पूरै कारखाना जलेर खरानी भएको छ । आगलागीबाट उद्योग परिसरमा रहेका ८ वटा गाडीहरु जलेर नष्ट भएका छन्।

****** ० ******

**सीबी आनन्द बोस**

राज्यपाल आनन्द बोसले मुख्यमन्त्री ममता बनर्जीलाई केन्द्रीय गृह मन्त्रालयले लागू गरेको नागरिकता संशोधन ऐन (सीएए) का प्रावधानहरू पढ्न सुझाव दिनुभएको छ। सरकारले उक्त ऐन लागू गर्ने निर्णय गरेको एक दिनपछि मंगलबार अबेर राति राज्यपालको यस्तो टिप्पणी आएको हो। गृह मन्त्रालयको घोषणा लगत्तै बनर्जीले केन्द्रको यो कदमलाई लोकसभा चुनावअघि 'राजनीतिक नौटंकी' को संज्ञा दिनुभएको थियो I मुख्यमन्त्रीले यसको कानुनी वैधतामाथि पनि प्रश्न उठाएका थिए। राज्यपालले भन्नुभएको छ - ऐनको उद्देश्य देशलाई विभाजित गर्नु होइन तर यसलाई एकताबद्ध गर्नु हो।

****** ० ******

**राज्यसपाल सी.ए.ए**

पश्चिम बङ्गालका राज्यपाल सीबी आनन्द बोसले मुख्यमंत्री ममता ब्यनार्जीलाई नागरिकता संशोधन अधिनियमलाई लिएर केही बोल्नु अघि यसको प्रावधान राम्रोसंग पडने सल्लाह दिनु भएको छ I राज्यपालको यो टिप्पणी हिजो अबेर राति आएको हो I स्मरण रहोस , केन्द्रिय गृह मन्त्रालयले देशमा सीएए लागु भएको घोषणा गरेपछि मुख्यमंत्री ममता ब्यनार्जीले केन्द्र सरकारको यो कदमलाई लोकसभा चुनावभन्दा अघि गरिएको एक राजनीतिक नाटक बताउनु भएको थियोI उहाले यसको कानुनी वैधतामाथि पनि प्रश्न उठाउनु भएको थियो I राज्यपाल सीबी आनन्द बोसले भन्नु भयो , यो अधिनियमको उधेश्य देशलाई विभाजित गर्नु नभएर देशलाई एकजुट गर्नु हो I श्री बोसले अझ भन्नु भयो, म आफ्नो संबैधनिक संयोगी, मुख्यमंत्रीलाई पहिला अधिनियमको विवरणको अध्यान गरेर मात्र यसबारे टिप्पणी गर्ने अनुरोध गर्दछु I

****** ० ******

**दिलीप घोष**

पूर्व प्रदेश भाजपा अध्यक्ष एव वर्तमान भाजपा सांसद दिलीप घोषले भन्नु भएको छ , पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता ब्यनार्जीले 'सीएए' को बिरोध गरेर हिन्दूहरूलाई वन्चित गर्दै मुसलमानहरूको भोटले चुनाव जित्न चाहन्छन्I श्री घोषले आज संचारकर्मीहरूसँग कुराकानी गर्नु हुदै भन्नु भयो, मैले मुख्यमन्त्रीको खोक्रो आवाज धेरै सुनेको छु I केन्द्र सरकारको व्यवस्थाबाट कोही पनि वन्चित हुने छैन I ज जसकोमा प्रमाण छ उनीहरूले अनलाइन अपलोड गरेपछि नागरिकता कार्ड प्राप्त गर्ने उहाले बताउनु भयो I श्री घोषले भन्नु भयो, सीएए संग मुसलमानहरुको कुनै सम्बन्ध नरहेको उनीहरूलाई थाहा भइ सकेको छ I यो अधिनियम केवल शरणार्थीहरूलाई नागरिकता प्रदान गर्नु रहेको र ममता ब्यनार्जी झुट बोलिरहेको उहाले बताउनु भयो I स्मरण रहोस, गत सोमबार देशमा सीएए लागु भएको खबर अघि आएपछि मुख्यमन्त्री ममता ब्यनार्जीले नवन्नामा प्रेस कन्फरेन्स गर्नु हुदै सीएए को विरोध गर्नु भएको थियो I सुश्री ब्यनार्जीले सीएए अन्तर्गत जसले पनि नागरिकताको लागि आवेदन गर्छन उनीहरू अवैध नागरिक बन्नेछन् भनि वयान दिनु भएको थियो I

****** ० ******

**र्याली रद्ध**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता व्यनर्जीले आज विहान नागरिकता संशोधन अधिनियम ' सीएए' को बिरोधमा सिलगडीमा हुने र्यालीलाई रद्ध गरिदिनु भएको छ I उहाले यो घोषणा गर्नु हुदै केवल प्रशासनिक बैठकमा मात्र भाग लिने बताउनु भयो I तथापी राजनीतिक विश्लेषकहरू अनुसार पछिल्लो लोकसभा चुनावमा उत्तर बंगालमा टिएमसीको खराब प्रदर्शनलाई हेरेर आजको र्येली महत्वपूर्ण थियो I स्मरण रहोस, वर्ष 2019 को लोकसभा चुनावमा उत्तर बंगालको आठवाट लोकसभा आशन मध्ये भाजपाका सात उम्मेदवारहरूले विजय हासिल गरेका थिए अनि एक आशन कंग्रेसले आफ्नो नाम गरेको थियो I विश्लेषकहरू

अनुसार उत्तर बंगालमा धैरै संख्यामा शरणार्थीहरू बसोबास गर्दै आइरहेका छन् भने उनीहरूले लामो समयदेखि नागरिकताको लागि प्रतिक्ष गरिरहेका छन् I

****** ० ******

**तस्कर पक्राउ**

दक्षिण दिनाजपुर जिल्लाको भारत-बंगलादेश सीमामा तैनाथ उत्तर बंगाल फ्रण्टियरको सीमा सुरक्षा बल (बीएसएफ)- का जवानहरूले दुईजना तस्करहरूलाई तस्करीका सामग्रीहरूसितै पक्राउ गरेको छ। बीएसएफले आज प्रेस विज्ञप्ती जारी गरी उक्त आशयको जानकारी गराएको छ। बीएसएफ अनुसार जिल्लाको रायगंज सेक्टर अन्तर्गत 91 औं बटालियन बीएसएफको बोर्डर आउट पोस्ट (बीओपी) हमजापुरका बीएसफले एक भारतीय तस्करलाई पक्राउ गरेको छ। तस्करलाई 25 वर्षीय अकरम अलीको रुपमा चिन्हित गरिएको छ I जवानहरूले उत्क तस्करलाई भारतबाट 50 बोतल प्रतिबन्धित कफ सिरप बंगलादेश तर्फ तस्करी गर्ने प्रयास गरिरहेको अवस्थामा पक्राउ गरेको बताइएको छ। यसको साथै रायगंज सेक्टर अन्तर्गत 91औं बटालियन बीएसएफको बीओपी दोमुथाका सर्तक सीमा प्रहरीहरूले अर्को भारतीय नागरिकलाई भारी मात्रामा प्रतिबन्धित 199 कफ सिरप सहित पक्राउ गरेको छ। पक्रा परेका तस्करलाई 31 वर्षीय मुस्लिम अलीको रूपमा चिन्हित गरिएको छ। पक्रा परेका दुवै तस्करलाई जफत गरिएको सामग्रीसहित गंगारामपुर थानामा सुम्पिइएको छ।

****** ० ******

**तृणमूल कलह**

तृणमूल कांग्रेसले पुर्व भारतीय क्रिकेटर युसुफ पठानलाई बहरमपूर लोकसभा आशनबाट आफ्नो उम्मेदवारको रूपमा मैदानमा उतारेको छ I तर यसलाई लिएर हाल पार्टीभित्र आपसी कलह शुरु भएको छ I मुर्शिदाबाद जिल्लाका भरतपूर विधानसभा क्षेत्रका तृणमूल बिधायक हुमायु कबीरले एक भिडियो जारी गर्दै पार्टी नेतृत्वले जिल्ला नेतृत्वहरूसंग छलफल नगरी युसुफ पाठनको नाम घोषणा गरेको बताउदै पार्टीको फसेलालाई स्वीकार नगर्ने बताउनु भएको छ I उहाले चुनावको मिति घोषणा भएपछि आफु स्वयले युसुफ पठानको बिरोधमा भोटिंग सुनिश्चित गर्ने बताउनु भएको छ I तथापि उहाले आफु कुनै पनि राजनीतिक दलमा सामेल नहुने बताउनु हुदै आवश्यक परेको खण्डमा आफ्नो छुट्टै राजनीतिक दल बनाउने बताउनु भयो I

****** ० ******

****** ० ******